# सभापोखरी गाउँपालिका

## बाह्रविसे, संखुवासभा

# स्थानीय राजपत्र

## सभापोखरी गाउँपालिका द्वारा प्रकाशित

**बर्ष : ७ अंक: ५ सभापोखरी, २०८० साल भाद्र १७ गते आइतबार**


## भाग- २

**" सभापोखरी गाउँपालिका आधारभूत अस्पताल /स्वास्थ्य संस्थामा फार्मेसी सेवा संचालन कार्यबिधि २०८०"**

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।२६

प्रमाणीकरण भएको मिति २०८०।०५।१७

### प्रस्तावना

सभापोखरी गाउपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा सेवा प्रभाबकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी बिषयका दक्ष जनशक्ति वा सो बिषयको ज्ञान भएको जनशक्ति मार्फत सभापोखरी आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाबाट आफ्नै फार्मेसी संचालन संचालन गरी बिरामी वा सेवाग्राहीहरुलाई सुलभ एवं गूणस्तरीय फार्मेसी सेवा उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँपालिकाले

×सभापोखरी गाउँपालिका आधारभूत अस्पताल /स्वास्थ्य संस्था फार्मेसी सेवा  संचालन कार्यबिधि २०८०" स्वीकृत गरी जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधिको नाम ×सभापोखरी गाउँपालिका आधारभूत अस्पताल /स्वास्थ्य संस्था फार्मेसी सेवा  संचालन कार्यबिधि २०८०" रहनेछ।

(ख)  यो कार्यबिधि सभापोखरी गाउँपालिकाले स्वीकृत गरेको मितिबाट  तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) कार्यपालिका भन्नाले सभापोखरी गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ख) स्वास्थ्य संस्था भन्नाले सभापोखरी गाउँपालिकामा सरकारी स्तरबाट संचालित अस्पताल स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवा केन्द्र लाई सम्झनु पर्दछ।

(ग) फार्मेसी सेवा भन्नाले अस्पताल र स्वास्थ्य संस्थाहरुमा संचालन गरिने औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीबाट दिइने सेवा सम्झनु पर्दछ।

(घ) समिति भन्नाले दफा ३ बमोजिम गठीत अस्पताल वा स्वास्थ्य संस्थामा फार्मेसी संचालन सल्लाहकार समिति, दफा ३ ( क) बमोजिम  फार्मेसी संचालन समिति,  दफा ६ बमोजिम कार्य कारणी समिति र दफा २१ बमोजिम गठीत अनुगमन तथा मूल्याङकन  समितिलाई सम्झनु पर्दछ।

**३. सल्लाहकार समितिः**

अस्पताल र स्वास्थ्य संस्थामा फार्मेसी संचालन औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी बनाई जनअपेक्षित रुपमा संचालन गर्न गराउन देहाय बमोजिमको अस्पताल र स्वास्थ्य संस्था फार्मेसी संचालन सल्लाहकार समिति  गठन हुनेछ। जसले अस्पताल  फार्मेसी वा औषधिजन्य बस्तु तथा सेवाको संचालन सम्बन्धी सम्पूर्ण क्षेत्र र कार्यको अनुगमन सुपरीवेक्षण गरी मार्गनिर्देशन तथा नियमन गर्नेछ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | गाउँपालिकाका वडाध्यक्षहरु सबै | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**३. (क) अस्पताल /स्वास्थ्य संस्था फार्मेसी संचालन समितिः**

अस्पताल र स्वास्थ्य संस्थामा फार्मेसी संचालन औषधी तथा औषधीजन्य पदार्थ वा सामग्रीबाट दिइने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न गराउन देहाय बमोजिमको अस्पताल र स्वास्थ्य संस्था फार्मेसी संचालन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) | अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट | सदस्य |
| (ग) | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (घ) | गाउँपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ङ) | लेखा शाखा प्रमुख | सदस्य |
| (च) | जिन्सी शाखा प्रमुख | सदस्य |
| (छ) | फार्मेसी असिष्टेण्ट वा फार्मेसी हेर्ने कर्मचारी | सदस्य सचिव |

**४. अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी संचालन समितिको काम कर्तब्य र अधिकार:**

अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी संचालन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अस्पताल र स्वास्थ्य संस्थाको लागि फार्मेसी संचालन गर्न आबस्यक पर्ने आर्थिक श्रोत ब्याबस्थापन गर्ने गराउने।

(ख) अस्पताल र स्वास्थ्य संस्थाको लागि फार्मेसी संचालन गर्न आबस्यक पर्ने औषधी वा औषधीजन्य पदार्थ वा अन्य सामग्रीको सूची तयार गर्ने गराउने र स्वीकृत गर्ने ।

(ग) अस्पताल र स्वास्थ्य संस्थाको लागि फार्मेसी संचालन गर्न आबस्यक पर्ने औषधी वा औषधीजन्य पदार्थ वा अन्य सामग्रीको खरिद तथा निरीक्षण र दाखिला गर्ने गराउने।

(घ) फार्मेसीमा प्रयोग हुने औषधी वा औषधीजन्य पदार्थ वा अन्य सामग्रीको दैनिक आम्दानी र खर्चको अभिलेख राख्न लगाउने।

(ङ) मासिक बैठक बसी फार्मेसी संचालन गर्दा प्रयोग भएको औषधी वा औषधीजन्य पदार्थ वा अन्य सामग्रीको आय ब्याय र मौज्दातको समिक्षा गर्ने।

(च) फार्मेसी संचालन गर्दा आईपरेका समस्याहरुको समाधान गर्ने गराउने र जन गुनासोहरुको न्यायोचित सम्बोधन गर्ने।

(छ) अस्पताल वा स्वास्थ्य संस्थामा संचालन भएको फार्मेसीको समय - समयमा निरीक्षण तथा अनुगमन गर्ने।

(ज) प्रकृतिक प्रकोप वा काबु बाहिरको परिस्थिति बाहेक फार्मेसी संचालन गर्दा भएको मस्यौट अपचलन वा हिनामिना भएको औषधि वा औषधिजन्य पदार्थ वा अन्य सामग्रीको प्रचलित बजार मूल्यको आधारमा अशुलउपर गराउने।

(झ) अस्पताल र स्वास्थ्य संस्थामा फार्मसी सेवा संचालन सम्बन्धी बिषयमा गाउँपालिकाले दिएको निर्देशन पालना गर्ने गराउने।

**५. अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी संचालन समितको बैठक सम्बन्धी ब्यबस्था:**

(क) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ अगावै सदस्यहरुलाई सचिवले बैठकको कार्यसूची सहित सूचना गर्नुपर्नेछ।

(ग) समितिको कुल सदस्य संख्याको ५० % प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(घ) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ङ) समितिको बैठकको निर्णयउपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(च) समितिको बैठक सम्बन्धि अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. कार्य कारणी समितिः**

अस्पताल वा स्वास्थ्य संस्थामा रहेको फार्मेसी संचालन गर्ने निम्नुसार ३ सदस्यीय कार्यकारणी समिति रहनेछ । कार्यकारणी समिति फार्मेसी संचालनको मूख्य जिम्मेवार र जवाफदेही समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | अस्पताल वा स्वास्थ्य कार्यालयको प्रमुख | संयोजक |
| (ख) | अस्पताल वा स्वास्थ्य संस्थाको बरिष्ठ चिकित्सक | सदस्य |
| (ग) | फार्मेसी असिष्टेण्ट वा फार्मेसी हेर्ने गरी तोकिएको कर्मचारी | सदस्य सचिव |

**७. कार्य कारणी समितिको काम कर्तब्य र अधिकारः**

(क) फार्मेसी संचालन तथा व्यवस्थापन समिति मार्फत खरिद गरिएको औषधीको रुजु र दाखिला गर्ने ।

(ख) चिकित्सकको प्रेष्काईब अनुसार औषधी वा औषधीजन्य सामग्री तोकिएको मूल्यमा बिक्री गर्ने र सो रकम तोकिएको बैक खातामा दाखिला गर्ने ।

(ग) रसिद नियन्त्रण र दैनिक औषधी बिक्री बिबरण र औषधीको मौज्दात बिबरण तयार गरि डे क्लोज गर्ने ।

(घ) औषधी र औषधीजन्य सामग्री खरिदको लिष्ट सूची तयार गरी समितिमा पेश गर्ने ।

**८. कार्यकारणी समितिको बैठक :**

(क) कार्यकारणी समितिको बैठक संयोजकले आपसी समझदारीमा आबस्यकता अनुसार जहिलेसुकै बोलाउन सक्नेछ । तर स्वास्थ्य सेवा प्रपाहमा बाधा पर्ने गरी बैठक बोलाउन हुदैन ।

(ख) कार्यकारणी समितिको बैठक कम्तिमा महिनामा २ पटक अनिवार्य बस्नु पर्नेछ ।

(ग) बैठकमा सदस्य संख्याको बहुमतबाट भएको निर्णय मान्य हुनेछ ।

**९. कार्यकारणी समितिको जिम्मेवारी र जवाफदेहीता :**

(क) अस्पताल वा स्वास्थ्य संस्थाको फार्मेसीसंग सम्बन्धित औषधीहरु औषधीजन्य सामग्री नगदी रसिद फार्मेसीको नगद तथा जिन्सी कार्यकारणी समितिको जिम्मा हुनेछ ।

(ख) अस्पताल वा स्वास्थ्य संस्थाको फार्मेसीसंग सम्बन्धित औषधीहरु औषधीजन्य सामग्री बिक्री र सेवा प्रवाह बाट संकलित रकम तोकिएको बैंक खातामा दाखिला गर्नु गराउनु कार्य कारणी समितिको कर्तब्य हुनेछ।

(ग) अस्पताल वा स्वास्थ्य संस्थाको फार्मेसीसंग सम्बन्धित औषधीहरु औषधीजन्य सामग्री नगदी रसिद फार्मेसीको नगद तथा जिन्सी सामानको हानी नोक्सानी वा हिनामिना वा मस्यौट गरेमा कार्यकारणी समितिका सदस्यहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## १०. औषधि तथा औषधिजन्य सामग्री र पदार्थको खरिद प्रकृया:

औषधि तथा औषधिजन्य सामग्री र पदार्थको खरिद गर्दासार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम तोकिएको प्रकृया अबलम्बन गरी समितिको निर्णय बमोजिम खरिद गर्नु पर्नेछ।

## ११. औषधि तथा औषधिजन्य सामग्री र पदार्थको बिक्री मूल्य निर्धारण:

समितले खरिद गरेको औषधी तथा औषधिजन्य पदार्थको मूल्य निर्धारण गर्दा यसको खरिद मूल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ। तर यसरी बिक्री मूल्य निर्धारण गर्दा अधिक्तम खुद्रा मूल्य भन्दा बढी हुने छैन।

## १२. फार्मेसीको लागि जनशक्ति व्यबस्थापन:

सभापोखरी गाउँपालिका आधारभूत अस्पताल वा स्वास्थ्य संस्थामा फार्मेसी संचालनको लागि कम्तिमा १ जना फार्मेसी असिष्टेण्ट कर्मचारी नेपाल सरकार वा गाउँपालिकाले दरबन्दी स्वीकृत गरे अनुसार वा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। उक्त व्यवस्था नभए सम्मको लागि स्वास्थ्य संस्थाको निर्णय अनुसार भएका जनशक्तिबाट ब्यबस्थापन गरिनेछ।

## १३. फार्मेसी संचालनको लागि भौतिक पूर्वाधार ब्यबस्थापन:

(क) फार्मेसि संचालनको लागि आबस्यक औषधी बिक्री बितरण कक्ष र भणडारणको लागि प्रयाप्त ठाउँको ब्यबसथापन गर्नुपर्नेछ।

(ख) औषधी बितरण कक्ष ओस नलाग्ने सूर्यको प्रत्यक्ष किरण नपर्ने र भेण्टिलेशन भएको हुनुपर्नेछ।

(ग) फार्मेसी अस्पताल वा स्वास्थ्य संस्था भित्रै संचालन गरिनु पर्दछ।

(घ) बिरामीलाई परामर्श दिने उपयुक्त ठाउँ हुनुपर्दछ।

(ङ) बिक्री बितरणको लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्नेऔषधी तथा औषधिजन्य सामाग्री अन्य ब्यक्तिको पहुँच नहुने गरी छुट्टै राख्ने उपयुक्त कोठा वा ठाउँ हुनु पर्नेछ।

(च) औषधीको पूर्जा लिने डिस्पेन्स गर्ने भुक्तानी लिने ब्यक्ति र ठाउँको उपयुक्त ब्यबस्था मिलाउनु पर्दछ।

(छ) औषधी तथा औषधीजन्य सामग्रीको मौज्दात तथा खपत अभिलेख बिजकीकरण सूचना लेबल औषधी सम्बन्धी समस्याको जानकारी आदीको लागि उपयुक्त सफ्टवेयर सहितको कम्प्यूटर प्रयोग गर्नुपर्नेछ। तर सो ब्यबस्थापन नभए

सम्मको लागि स्वस्थ्य संस्थामा भएको जनशक्ति र श्रोत साधनको उपयोग गरी स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ज) नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क औषधीहरु र औषधीजन्य सामग्रीहरुको सूची सबैले देख्ने गरी राख्नुपर्दछ ।

(झ) स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध गराईने औषधीहरु र फार्मेसीबाट खरिद गरिने औषधीहरु छुट्टै स्पष्ट देखिने गरि फार्मेसीमा राख्नु पर्दछ ।

(ञ) स्वास्थ्य संस्था परिसरमा औषधीको ब्यापारीक प्रबर्धन सम्बन्धी कुनै पनि कार्य वा कृयाकलाप गर्न पाईने छैन ।

**१४ . बीउ पूँजि (Seed Money) उपलब्ध गराउन सक्ने :**

(क) सभापोखरी गाउँपालिकाले अस्पताल वा स्वास्थ्य संस्थामा फार्मेसी लागि बीउ पूँजी (Seed Money ) उपलब्ध गराउन सक्नेछ ।

(ख) सभापोखरी गाउँपालिकाले आबस्यक देखेमा उपदफा (क) बमोजिम उपलब्ध गराएको पूँजि (Seed Money ) रकम अस्पताल वा स्वास्थ्य संस्थामा फार्मेसी संचालनको लागि अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

**१५. निःशुल्क वितरण गरिने औषधिको सम्बन्धमा :**

(क) नेपाल सरकारबाट निःशुल्क वितरण गरिने भनी तोकिएका औषधीहरु स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउनु पर्दछ ।

(ख) नेपाल सरकारबाट निःशुल्क वितरण गरिने भनी तोकिएका औषधीहरु वा औषधीजन्य सामग्री स्वास्थ्य कार्यालयसंग समन्वय गरी गाउँपालिका स्वास्थ्य शाखाले उपलब्ध गराउनेछ ।

(ग) कुनै कारणबस निःशुल्क वितरण गरिने भनी तोकिएका औषधीहरु वा औषधीजन्य सामग्री मौज्दात नभएको अबस्थामा तेस्तो जानकारी बिरामीको प्रेस्कृप्शनमा फार्मेसीले जनाईदिनु पर्नेछ ।

(घ) अस्पताल वा स्वास्थ्य संस्था नेपाल सरकारको पूर्ण स्वामित्वमा संचालन भएको अबस्थामा अति गरीब वा असहाय नागरिकको लागि औषधी र अन्य स्वास्थ्य सेवा तोकिएको प्रतिशत सम्म उपलब्ध गराउन सक्नेछ । यसरी उपलब्ध गराईएको औषधी स्वास्थ्य सामग्री र अन्य सेवा पाउने व्यक्तिको नाम थर ठेगाना त्यस्ता व्यक्तिलाई सेवा उपलब्ध गराएको बिबरण र रकम सहित हरेक महिना समितिको बैठकमा राखी सार्वजनिक गर्नुपर्नेछ ।

**१६ . निःशुल्क प्राप्त औषधीको व्यवस्थापन तथा बितरणः**

(क) नेपाल सरकार प्रदेश सरकार वा अन्य दात्री निकाय वा संस्थाबाट निःशुल्क प्राप्त भएको औषधीलाई सोही अनुसार निःशुल्क बितरण गरिनेछ ।

(ख) औषधी वा स्वास्थ्य सामग्री खरिद गर्दा कुनै फर्म वा कम्पनीबाट बोनस स्वरुप प्राप्त हुने औषधी वा स्वास्थ्य सामग्रीलाई खरिद भएको मानी सोही अनुसार आम्दानी बाँधी फार्मेसीमा तोकिएको मूल्यमा उपलब्ध गराईनेछ ।



सभापोखरी गाउँपालिका

**१७. फार्मेसी संचालन को आर्थिक व्यवस्थापनः**

(क) अस्पताल वा स्वास्थ्य संस्था फार्मेसी व्यवस्थापन तथा संचालनको लागि सरकारी कारोबार निर्देशिका २०७६ अनुसार गाउँपालिकाले कार्य संचालन कोष ग २.७ बिबिध खर्च खाता ०६९००२३०CA मार्फत कारोबार गरिनेछ ।

(ख) उपदफा (क) बमोजिमको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(ग) फार्मेसी संचालन समितिको खातामा जम्मा भएको रकम समितिको निर्णय तथा सिफारिश बिना खर्च गर्न पाईनेछैन । उक्त कोषको रकम फार्मेसी संचालनका लागि बाहेक अन्य शिर्षकमा खर्च गर्न पाईनेछैन ।

(घ) उपदफा (क) बमोजिम संचालन भएको खातामा देहाय अनुसारको रकम जम्मा हुनेछ

I. गाउँपालिकाबाट प्राप्त अनुदान रकम ।
II. दैनिक औषधि वा औषधिजन्य बस्तु बिक्रिबाट प्राप्त हुने रकम ।
III. संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकम ।
IV. ल्याब सेवा संचालनबाट संकलित रकम ।
V. संघ संस्था दात्री निकायहरु वा व्यक्तिबाट प्राप्त अनुदान रकम ।

**१८ . संकलित रकम बैंक दाखिलाः** फार्मेसी संचालनको औषधि बिक्री र ल्याब सेवाबाट दैनिक रुपमा संकलित रकम सोही दिन अथवा भोलि पल्ट कार्यालय समयभित्र बैंक दाखिला गरिसक्नु पर्नेछ ।

(क) फार्मेसी संचालनको औषधी बिक्री र ल्याब सेवाबाट दैनिक रुपमा संकलित रकम सोही दिन अथवा भोलि पल्ट कार्यालय समयभित्र बैंक दाखिला नगरेमा संकलित रकमको दैनिक ५ प्रतिशतले हुन आउने रकम हर्जना लाग्नेछ । सो रकम दाखिला नगरेमा निजले पाउने सेवा सुबिधाबाट अशुल गरिनेछ ।

(ख) फार्मेसी संचालनमा भएको औषधी खर्चको बिबरण र बिक्री रकम तथा ल्याब सेवाको बिबरण र संकलित रकम स्पष्ट खुल्ने गरी नगदी रसिद सहित दैनिक अभिलेख खाता तयार गरी कार्य कारणी समितिका पदाधिकारीहरुले सोही दिन प्रमाणीत गर्नु पर्नेछ ।

**१९. आय ब्यायको हिसाबः** प्रत्येक आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसी संचालनको हिसाब मिलान गरिसक्नु पर्नेछ ।

(क) फार्मेसी संचालनमा भएको औषधी र औषधीजन्य सामग्री, ल्याब सेवा शुल्कबाट प्राप्त आय ब्यायको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट गरिनेछ ।

(ख) फार्मेसी संचालनमा भएको औषधी र औषधीजन्य सामग्री, ल्याब सेवा शुल्कबाट प्राप्त आय ब्यायको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षकले हरेक ३/३ महिनाको त्रैमासिक अबधि सम्पन्न भएको मितिले १५ दिनभित्र परीक्षण गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग) फार्मेसी संचालनमा भएको आय ब्यायको खर्चको अन्तिम लेखापरीक्षण नेपाल सरकारको कार्यालय सरह महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।

**२०. ब्राण्ड तोकी सिफारिस गर्न नहुने:**

(क) बिशेष परिस्थितिमा बाहेक कुने बिरामीलाई औषधि वा औषधिजन्य सामाग्रीको खास ब्राण्ड तोकी सिफारिश गर्न पाईनेछैन ।।

(ख) समितिले औषधि वा औषधिजन्य सामाग्रीको खरिद गर्दा कुनै खास ब्राण्ड तोकी सिफारिश गर्न पाईनेछैन ।

**२१. अनुगमन तथा मूल्याङकन समिति:**

अस्पताल तथा स्वास्थ्य संस्था फार्मेसी सेवा संचालन समबन्धी सम्पूर्ण कारोबारको अनुगमन तथा मूल्याङकन गर्न गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा निम्नानुसार पदाधिकारीहरु सदस्य रहेको ३ सदस्यीय अनुगमन तथा मूल्याङकन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ग) | गाउँपालिकाको आन्तरिक लेखापरिक्षण | शाखा प्रमुख सदस्य |

**२१. अनुगमन समितिको कार्यबिधि:**

(क) समितिले अनुगमन तथा मूल्याङकन गर्ने कार्यबिधि आफै तय गर्नेछ । समितिले हरेक चौमासिक आम्दानी र खर्चको अनुगमन तथा मूल्याङकन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**२२. औषधिको सूची तयार गर्नु पर्ने:**

(क) अस्पताल वा स्वास्थ्य संस्था फार्मेसी संचालन तथा व्यवस्थापन कारणी समितिले आबस्यक औषधी तथा औषधीजन्य सामाग्रीको सूची तयार गरी फार्मेसी संचालन तथा व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ख) अस्पताल वा स्वास्थ्य संस्था फार्मेसी संचालन तथा व्यवस्थापन समितले बजेटको अबस्था समसामयिक परिस्थिति समेत बिश्लेषण गरी औषधि तथा औषधि जन्य सामाग्रीको सूची स्वीकृत गर्नु पर्नेछ।

**२३. फार्मेसी संचालन प्रबिधि ब्यबस्थापनः** फार्मेसी संचालन सम्बन्धी सफ्टवयेर गाउँपालिकाले तोकीदिए अनुसार व्यवस्थापन गरी एक रुपता कायम हुनेगरी संचालन गर्नुपर्नेछ।

**२४. निर्देशन दिन सक्नेः** यस कार्यबिधिमा उल्लेख गरिएका कुरा कार्यान्वयनको पक्षमा जनगुनासोको बारेमा र यस कार्यबिधिमा उल्लेख भएका बाहेक बाहेक फार्मेसी संचालन तथा व्यवस्थापनका बिषयमा थप सुधार गर्न गाउँपालिकाले निर्देशन दिन सक्नेछ। यसरी निर्देशन दिंदा तथ्यमा आधारित रहेर बिकल्प र साधन श्रोत सहित बिधिमा आधारित भएर निर्देशन गर्नुपर्नेछ र उक्त निर्देशनको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तब्य हुनेछ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यबिधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**आज्ञाले**
बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत
सभापोखरी गाउँपालिका
संखुवासभा।

सभापोखरी गाउँपालिका